# राजमार्गमा हुने अवरोध हटाउने सम्बन्धमा सुरक्षा कारवाहीको कार्ययोजना २०८२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, उदयपुर

विषय सूची


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमी | ३ |
| २. | प्रचलित कानूनी व्यवस्थाहरु | ३ |
| ३. | उद्देश्य | ४ |
| ४. | राजमार्गमा हुनसक्ने सम्भावित समस्या तथा खतराहरु | ४ |
| ५. | अवरोध भएको सडक खुलाउने कार्यविधि **(Standard Operating Procedure)** सम्बन्धी अवधारणा | ४ |
| ६. | रणनीतिहरु | ५ |
| ७. | समिति सम्बन्धी व्यवस्था | ५ |
| ८. | समितिको काम, कर्तव्य र अधिकार | ६ |
| ९. | समस्या/खतरा हुनसक्ने स्थानहरु | ७ |
| १०. | सडक अवरोध खुलाउने कार्यान्वयनका चरणहरु | ७ |
| ११. | निकायगत जिम्मेवारी | ८ |
| १२. | कार्ययोजना | १४ |
| अनुसूचीहरु | | १७ |

१. पृष्ठभूमी

गृह मन्त्रालयबाट गृह प्रशासन सुधार कार्ययोजना, २०७४ को नीतिगत तथा कानूनी सुधार महलको बुँदा नं. १३ मा "राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि तयार गर्ने" भनी उल्लेख भए बमोजिम सो कार्यविधिलाई आधार मानी यस जिल्लाको लागि "राजमार्गमा हुने अवरोध हटाउने सम्बन्धमा सुरक्षा कारवाहीको कार्ययोजना, २०८२" तयार गरिएको छ ।

२. प्रचलित कानूनी व्यवस्थाहरु

**क. आवश्यक सेवा संचालन ऐन, २०१४**

आवश्यक सेवा भन्नाले जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरु ओसार पसार गर्ने यातायात सेवा । त्यस्ता अत्यावश्यक सेवाहरुमा हडताल गर्न निषेध गरिएको र त्यसको कार्य गर्नेलाई ६ महिनासम्म कैद वा रु. २००/- जरिवाना वा दुवै हुने व्यवस्था भएको ।

**ख. आवश्यक वस्तु संरक्षण ऐन, २०१२**

आवश्यक वस्तु भन्नाले राजमार्ग मूलबाटो पुल समेतलाई जनाउने ।

**ग. स्थानीय प्रशासन ऐन, २०२८**

शान्ति सुरक्षा कायम गर्न प्रमुख जिल्ला अधिकारीले कुनै पनि हिंसात्मक गतिविधि हुने वा हुलदंगा हुने आशंका लागेमा उक्त कार्यलाई रोक्नको लागि ऐनद्वारा निर्देशित कार्य गर्नसक्ने । प्रत्येक जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने काममा सहयोग पुर्याउन देहायको एक समिति रहने व्यवस्था रहेको ।

| | |
|---|---|
| क. प्रमुख जिल्ला अधिकारी | -अध्यक्ष |
| ख. नेपाली सेनाका स्थानीय प्रमुख | -सदस्य |
| ग. नेपाल प्रहरीका प्रमुख | -सदस्य |
| घ. सशस्त्र प्रहरी बल नेपालका स्थानीय प्रमुख | -सदस्य |
| ङ. राष्ट्रिय अनुसन्धान विभागका स्थानीय प्रमुख | -सदस्य |
| च. सहायक प्रमुख जिल्ला अधिकारी | - सदस्य सचिव |

**घ. सडक ऐन, २०३१**

३.क. तोकिएको फासला भित्र भवन आदि बनाउन निषेध गर्न सकिने ।

दफा १८. सार्वजनिक सडकको आवागमनमा बाधा पुर्याउने माल वस्तु हटाउने अधिकार ।

दफा १९. स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम कार्य गर्न नहुने ।

## ३. उद्देश्य

सबै सुरक्षा निकाय, स्थानीय तह लगायत सरोकारवाला निकायहरुसँगको समन्वयमा यस जिल्लाभित्र पर्ने राजमार्गहरुमा हुने अवरोध हटाई निर्वाध आवागमन मार्फत जनजीवन समान्य तुल्याउनु यस कार्ययोजनाको मुख्य उद्देश्य रहेको छ ।

## ४. राजमार्गमा हुनसक्ने सम्भावित समस्या तथा खतराहरु

क. विभिन्न समूहरुहरुबाट आफ्ना मागहरु पूरा गर्न दवावस्वरुप गरिने सडक अवरोध, बन्द, हडताल, चक्काजाम ।

ख. यात्रुवाहक तथा निजी सवारी सवार यात्रुहरुको सरसामान, रकम, गरगहना चोरी, डकैती तथा अपहरण ।

ग. सवारी साधनहरुमा आगजनी, तोडफोड, बम विष्फोटन, हानेर भाग्ने (Hit and Run) ।

घ. सवारी दुर्घटना ।

ङ. प्राकृतिक प्रकोप (भुकम्प, बाढी, पहिरो आदि) बाट हुने अवरोध ।

च. सडकमा गाडी बिग्रेर वा दुर्घटना भएर हुन सक्ने अवरोध ।

छ. राजमार्ग अवरोध हुने गरी सडक नजिक निर्माण सामग्री भण्डारण गर्ने वा बिग्रे भत्केको सामग्रीको समयमा व्यवस्थापन नगर्दा हुने अवरोध ।

ज. विकास निर्माणका कार्यबाट हुने अवरोध/समयमा निर्माण कार्य सम्पन्न नभएबाट हुने अवरोध ।

ञ. अव्यवस्थित पार्किङ र ट्राफिक नियमको उल्लंघनबाट सृजित अवरोधजन्य परिस्थिति ।

ट. पशु चौपाया, बाल बच्चाहरु सडकमा छाडी हुनसक्ने दुर्घटनाको दौरान हुने अवरोध ।

## ५. अवरोध भएको सडक खुलाउने कार्यविधि (Standard Operating Procedure) सम्बन्धी अवधारणा

- मानव अधिकार, नागरिक सुरक्षा र राष्ट्रिय सम्पत्तीको सुरक्षालाई प्राथमिकता दिने ।
- विकासको जग सुरक्षा अवधारणा आत्मसात गर्न सुरक्षा निकायहरुको परिचालन गर्ने ।
- सडक अवरोध भएमा आसपासका क्षेत्रमा सबै सुरक्षा निकायहरुको एकीकृत रुपमा परिचालन गर्ने ।
- सबै सुरक्षा निकायहरुको स्पष्ट रुपमा जिम्मेवारी किटानी गरी दोहोरोपन हुन नदिने ।
- परिचालित हुने सुरक्षा निकायहरु बीच बन्दोबस्तीका समस्या आपसी समन्वय गरी समाधान गर्ने ।
- परिचालित सुरक्षाकर्मीले मानव अधिकारको पूर्ण रुपमा परिपालना गर्ने ।
- राजमार्ग अवरोध तत्काल हटाउन आवश्यकता अनुसार स्थानीय तह, स्थानीय प्रशासन, नागरिक तथा अन्य सरोकारवालाहरुको समन्वयात्मक प्रयासलाई सुनिश्चित गर्ने ।
- अवरुद्ध सडक बढीमा १० मिनेटमा खुल्ने सुनिश्चितता गर्न एकीकृत र समन्वयात्मक रुपमा परिचालित हुने ।

## ६. रणनीतिहरु

क. राजमार्ग गस्ती तथा अनुगमन

- राजमार्ग सुरक्षा पोष्ट तथा पिकेटिङको व्यवस्था/नियमित तथा आकस्मिक चेक प्वाईन्टहरु
- खबर संकलन/सम्पर्क एवं समन्वय तथा प्रचार प्रसार
- प्रहरी चौकीबाट नियमित अनुगमन

ख. आकस्मिक उद्दार

- आकस्मिक उद्दार टोलीको व्यवस्था(Immediate Response Team / Quick Response Team)
- उद्दार सामग्रीको व्यवस्था र परिचालन

ग. राजमार्ग रेखाङ्कन तथा संरक्षण (Right-way Clearance and Protection)

- सडक रेखाङ्कन वा नक्सांकन गराई अतिक्रमित संरचनाहरु हटाउने ।
- पार्किङ व्यवस्थापन गर्ने ।
- सडकमा पशु चौपाया तथा बालबच्चा छाड्न निषेध/निरुत्साहित गर्ने ।
- जुलुस तथा भीडलाई तत्काल व्यवस्थापन वा हटाई सडक खुला राख्ने ।

घ. स्पष्ट तथा परिभाषित निकायगत जिम्मेवारीको व्यवस्था

- सडक डिभिजन/सडक आयोजना कार्यालयहरुसँग समन्वय
- स्थानीय तहसँगको समन्वय
- राजनैतिक दलका जिम्मेवार पदाधिकारीहरु समन्वय
- सूचना प्राप्तिका लागि स्थानीय नागरिकहरुसँग सम्पर्क सञ्जाल विस्तार तथा समन्वय
- यातायात व्यवसायीहरुसँग समन्वय तथा सहकार्य
- निर्माण व्यवसायीहरुसँग उपकरण प्रयोग सम्बन्धमा समन्वय तथा सहकार्य

ङ. सचेतनासम्बन्धी कार्य

- मदिरा सेवन गरे नगरेको जाँच गर्ने व्यवस्था
- समुदाय प्रहरी बीच सहकार्य
- यातायात व्यवसायी, ट्राफिक र सवारी चालक तथा यातायात मजदुरबीच अन्तरक्रिया, छलफल
- यात्रु सहायता कक्षको व्यवस्था

च. अनुगमन मूल्याङ्कन एवं निरन्तर सुधार

- सम्बन्धित कार्यालयहरुले नियमित रुपमा कार्ययोजना अनुसार भए नभएको अनुगमन गर्ने
- सडक सुधारका लागि निरन्तर चासो राख्ने

## ७. समिति सम्बन्धी व्यवस्था

स्थानीय तह, अन्य विषयगत कार्यालयहरु र सरोकारवाला निकायहरु समेतको सहभागितामा काममा हुने दोहोरोपन हटाई सीमित स्रोत साधनको प्रभावकारी उपयोग गरी राजमार्गलाई निरन्तर सञ्चालन गर्ने कार्यमा सहयोग पुर्याउन जिल्ला तहमा र आवश्यकता अनुसार कुनै निश्चित ईलाका वा क्षेत्रमा समेत सबै सुरक्षा निकायहरुको सहयोग, परिचालन र प्रयासहरुको समन्वय गर्न तथा अवरुद्ध सडक तत्काल

खुलाई जनजीवन सामान्य बनाई राख्न "राजमार्ग अवरोध हटाउने जिल्ला/ईलाका/समन्वय समिति" नामको एक समिति गठन हुनेछ ।

प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्लास्तरीय समन्वय समिति रहनेछ र आवश्यकता अनुसार कुनै राजमार्ग ईलाका वा क्षेत्र तोकी संयोजकले यसै प्रयोजनका लागि अन्य ईलाका स्तरीय समन्वय समिति गठन गर्न सक्नेछः

**राजमार्ग अवरोध हटाउन जिल्ला समन्वय समितिमा देहायका पदाधिकारीहरु रहने व्यवस्था छ ।**

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| २. | नेपाली सेनाका स्थानीय प्रमुख | -सदस्य |
| ३. | नेपाल प्रहरीका प्रमुख | -सदस्य |
| ४. | सशस्त्र प्रहरी बल नेपालका स्थानीय प्रमुख | -सदस्य |
| ५. | राष्ट्रिय अनुसन्धान विभागका स्थानीय प्रमुख | -सदस्य |
| ६. | स्थानीय तहको प्रशासकीय अधिकृत | - सदस्य |
| ७. | यातायात कार्यालयको प्रमुख | - सदस्य |
| ८. | सडक विभागको स्थानीय कार्यालय प्रमुख वा अधिकृत स्तरको कर्मचारी | - सदस्य |
| ९. | ट्राफिक कार्यालयको प्रमुख | - सदस्य |
| १०. | प्रचलित कानून बमोजिम दर्ता भएका यातायात व्यवसायीहरु मध्येबाट संयोजकले तोकेको एक जना | - सदस्य |
| ११. | सहायक प्रमुख जिल्ला अधिकारी वा संयोजकले तोकेको अधिकृत | - सदस्य सचिव |

**८. समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

क. आफ्नो ईलाका वा क्षेत्रभित्र रहेका सडकको विवरण, वैकल्पिक सडकको विवरण अध्यावधिक गरी राख्ने ।

ख. सडकलाई चालू अवस्थामा राख्न मर्मत सम्भार गर्नु गराउनु पर्ने वा अन्य कुनै अवरोध रहेको भए सो को विवरण तयार गरी सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

ग. विपद्जन्य कुनै घटना वा परिस्थितिमा तयारी अवस्थामा सबैको भूमिका र कार्यहरु निर्देशित गर्ने ।

घ. अवरोध भएको सडक खुलाउन आवश्यक पर्ने औजार, उपकरणहरु, जनशक्ति तथा अन्य स्रोतको आँकलन गरी सो को विवरण तयार गरी तत्काल परिचालन गर्ने अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

ङ. सडकलाई निरन्तर चालू अवस्थामा सञ्चालन गर्न समन्वयात्मक रुपमा परिचालन हुने गरी आवश्यक नीति तथा कार्य योजना निर्माण गर्ने तथा कार्यान्वयन गराउने ।

च. सडकको अधिकार क्षेत्रको नक्साङ्कन गराई सो क्षेत्रभित्र कुनै निर्मित संरचना वा अवरोध भए हटाउन आवश्यक कार्य योजना निर्माण गरी स्थानीय सरकारसँग समन्वय गरी कार्यान्वयन गर्ने गराउने ।

छ. सडक प्रयोग तथा ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

समितिको संयोजकले आवश्यक देखेमा अन्य सम्बन्धित व्यक्तिहरु समितिमा आमन्त्रण गर्न सक्नेछ ।

९. समस्या/खतरा हुनसक्ने स्थानहरु

| सि.नं. | समस्या/खतराको क्षेत्र | स्थान |
|---|---|---|
| १ | पहिरो | क) गाईघाट दिक्तेल सडक खण्ड अन्तर्गत बरुवाखोला देखि फोक्सिनटार सम्मका क्षेत्रहरु<br>ख) मदनभण्डारी मार्गको वेलका न.पा., चौदण्डीगढी न.पा., त्रियुगा न.पा., उदयपुरगढी गा.पा र कटारी न.पा.का क्षेत्रहरु<br>ग) कदमाहा गाईघाट सडक खण्डमा जलजले लालपत्ताको चुरे क्षेत्रहरु<br>घ) सिद्धिचरण मार्गको चुरे घाँटी, कटारी-घुर्मी सडक खण्ड<br>ङ) माथि उल्लेखित बाहेक पहाडि क्षेत्रका सबै ग्रामीण अन्य सडकहरु |
| २ | बाढी | क) मदनभण्डारी मार्गको वेलका न.पा., चौदण्डीगढी न.पा., त्रियुगा न.पा., उदयपुरगढी गा.पा र कटारी न.पा.का क्षेत्रहरु<br>ख) कोठुघाट देखि फत्तेपुर सम्मका क्षेत्रहरु<br>ग) माथि उल्लेखित बाहेकका अन्य ग्रामीण सडकहरु |
| ३ | बन्द, चक्काजाम, हडताल | क) गाईघाट दिक्तेल सडक खण्ड अन्तर्गत गाईघाट देखि बरुवा सम्मका क्षेत्रहरु<br>ख) मदनभण्डारी मार्गको वेलका न.पा., चौदण्डीगढी न.पा., त्रियुगा न.पा., उदयपुरगढी गा.पा र कटारी न.पा.का क्षेत्रहरु<br>ग) कदमाहा गाईघाट सडक खण्डमा जलजले देखि गाईघाट सम्मका क्षेत्रहरु |
| ४ | दुर्घटनाको जोखिम | क) गाईघाट दिक्तेल सडक खण्ड अन्तर्गत बरुवा खोलादेखि फोक्सिनटार सम्मका क्षेत्रहरु<br>ख) मदनभण्डारी मार्गको चौदण्डीगढी, त्रियुगा, उदयपुरगढी र कटारी नपाका क्षेत्रहरु<br>ग) कदमाहा गाईघाट सडक खण्डमा जलजले लालपत्ताको चुरे क्षेत्रहरु<br>घ) माथि उल्लेखित बाहेक पहाडि क्षेत्रका सबै अन्य सडकहरु |

१०. सडक अवरोध खुलाउने कार्यान्वयनका चरणहरुः

- सडक अवरोध भएमा स्थानीय प्रशासन (प्र.जि.अ.) समक्ष तत्काल प्रतिवेदन गर्ने ।
- राजमार्ग अवरोध हटाउन आवश्यक पर्ने साधन स्रोतहरुको व्यवस्था गर्ने ।
- सडक अवरोध भएमा ट्राफिक प्रहरी समेत परिचालन गरी डाइभर्सनको व्यवस्था र सवारी साधनहरुको क्षति हुनसक्ने भए उक्त स्थानबाट सुरक्षित स्थानमा राख्ने व्यवस्था मिलाउने ।

- सडक अवरोधमा संलग्न समूहका मुख्य व्यक्ति लगायत उपस्थित सम्पूर्ण व्यक्तिहरुले सुन्ने गरी स्पष्ट बुझ्ने भाषामा बाटो अवरोध गर्ने कार्य गैर कानूनी हो, सो मा नलाग्न आग्रह गरी माईकिङ्ग गर्ने व्यवस्था गर्ने ।
- सडक अवरोध भएमा स्थानीय प्रहरी प्रमुखले भीड नियन्त्रण पोशाकमा तत्काल प्रहरी परिचालन गर्ने ।
- सडक खुलाउन परिचालन हुने प्रहरी कर्मचारीहरुलाई सिनियर प्रहरी अधिकृतले अनिवार्य रुपमा Briefing गर्ने ।
- माईकिङ्ग गर्दा पनि तत्काल बाटो अवरोध नहटे पुनः माईकिङ्ग गरी प्रहरी कारवाही गर्न लागेको जानकारी गराउनु पर्नेछ । कारवाही गर्नु अघि अशक्त, बालबालिका, महिला तथा वृद्धाहरुलाई स्पष्ट रुपमा पछि हट्न आग्रह गर्नुपर्ने ।
- आग्रह गर्दा समेत अवरोध नहटेमा कमभन्दा कम क्षति पुग्ने गरी प्रहरीले आवश्यक कारवाही गरी अवरोध हटाउनु पर्ने र यसरी कारवाही गर्दा प्रमुख जिल्ला अधिकारीले स्थानीय प्रशासन ऐन, २०२८ र अति आवश्यक वस्तु संरक्षण ऐन, २०१४ बमोजिम ऐनले दिएको अधिकार प्रयोग गर्ने गरी सुरक्षाकर्मीलाई निर्देशन दिनुपर्ने ।
- प्रहरीले आवश्यक कारवाही गरी बाटो सुचारु गरे पश्चात कारवाहीका क्रममा कुनै घटना भए सोको आवश्यक कागजात तयार गर्नुपर्ने ।
- अराजक गतिविधिमा संलग्न व्यक्ति वा समूहलाई नियन्त्रणमा लिई कानूनी कारवाही गर्ने ।
- कुनै घटना घटेमा सो सम्बन्धी विवरण सम्बन्धित तालुक निकायहरुमा तत्काल जानकारी गराउने ।
- स्थिति सामान्य भए पश्चात पनि उक्त स्थानमा पुनः बाटो अवरोधका गतिविधि हुनसक्ने हुँदा सुरक्षाकर्मीबाट निरन्तर निगरानी गरी राख्ने ।

## ११. निकायगत जिम्मेवारी

### क. प्रमुख जिल्ला अधिकारी

- तत्काल सुरक्षा निकायहरु तथा स्थानीय तहका पदाधिकारीहरुसँग समन्वय गरी आवश्यक र उपयुक्त रणनीति अख्तियार गर्ने ।
- सम्बद्ध पक्षहरुसँग सम्वादको प्रकृया आरम्भ गर्ने ।
- अवरुद्ध सडक सम्बन्धी काम कारवाहीलाई सहजीकरण र समन्वय गर्न एकजना अधिकृतस्तरको कर्मचारीलाई जिम्मेवारी तोक्ने ।
- अवस्थाको निरन्तर मूल्याङ्कन गरी नियमित तालुक निकायमा प्रतिवेदन गरी निर्देशन लिने र सो अनुसार कार्यान्वयन गर्ने गराउने ।
- उद्दार कार्य वा अन्य अवरोध हटाउन आवश्यक सामग्रीहरु, औजार, उपकरण र जनशक्ति तयारी अवस्थामा रहे नरहेको समय समयमा एकिन गर्ने गराउने र उस प्रकृतिका साधनस्रोतको व्यवस्थापन आवश्यक समन्वय गरी उपलब्ध हुने व्यवस्था मिलाउने ।
- आपतकालिन प्रयोजनका लागि स्वास्थ्य उपचार, खानेपानी, विद्युत, सञ्चार र यातायात साधन, लगायतका सेवाहरुको उपलब्धता सुनिश्चित गर्ने गराउने ।

- अशक्त र अपाङ्गता भएका महिला बालबालिका वा वृद्ध वृद्धाहरुको संरक्षण तथा सुरक्षा र उद्धारमा प्राथमिकता दिने ।
- अपतकालिन खाद्य सामग्री वा अन्य मानवीय सेवाको प्रबन्ध मिलाउन आवश्यक परेमा सो समेत समन्वय गरी मिलाउने ।
- अवरुद्ध सडक आसपासको क्षेत्रमा तनाव वा भडकाव बढन सक्ने विषयमा सचेत रहँदै आवश्यकता अनुसार त्यस्तो क्षेत्र वा ईलाकालाई स्थानीय प्रशासन ऐन, २०२८ वा अन्य प्रचलित कानून अनुसार चार किल्ला निर्धारण गरी निश्चित समयका लागि प्रवेश निषेध गर्न रोक लगाउने वा अन्य आवश्यक कार्यहरु सुरक्षा निकायसँग समन्वय गरी गर्ने ।
- फिल्डमा सडक अवरोध हटाउन खटिएका सुरक्षा अधिकारीहरुलाई आवश्यक समन्वय तथा निर्देशन गर्ने ।
- अनुसूची १ बमोजिमका आवश्यक संभाव्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने ।

**ख. नेपाली सेना**

- नेपाली सेना खटिने अवस्थाः परिस्थिति स्थानीय प्रशासनको नियन्त्रण भन्दा बाहिर गएमा प्रमुख जिल्ला अधिकारीले स्थानीय प्रशासन ऐन, २०२८ (संशोधन सहित) अनुसार नेपाली सेनाको सहयोगको लागि लिखित अनुरोध गर्न सक्नेछ ।

**ग. नेपाल प्रहरी**

- स्थानीय प्रशासन तथा यातायात व्यवसायी लगायत अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने ।
- यस जिल्लामा ५ वटा राजमार्गहरु रहेका छन्, राजमार्गमा हुने बन्द, हड्ताल, चक्काजाम, यात्रुवाहक बसमा हुने आगजनी, तोडफोड, बम विष्फोटन, चोरी, डकैती, लुटपाट, ठगी, धम्की, अपहरण, चन्दा संकलन, सवारी साधन चेकजाँच र यात्रुहरुलाई यात्रामा सहजता प्रदान गर्नका निमित्त १२ स्थानमा नेपाल प्रहरी युनिटहरु र ६ स्थानमा अस्थाई ट्राफिक प्रहरी पोष्टको स्थापना भएको छ ।
- राजमार्गमा अवस्थित अधिकांश प्रहरी युनिटहरु राजमार्ग देखि ५ मिटरको दुरीमा रहेका छन् भने केही युनिटहरु राजमार्ग देखी १०० मिटरको दुरीमा रहेका छन् । (जस्तै ईप्रका कटारी, ईप्रका बेल्टार, ईप्रका जलजले, प्रचौ घुर्मी, प्रचौ भागलपुर)
- राजमार्गमा कुनै पनि घटनाहरु घटेमा वा कुनै किसिमको गैरकानुनी कार्यहरु भएको खण्डमा तत्काल प्रहरी कन्ट्रोल १००, जिल्ला प्रहरी कार्यालय उदयपुर संचार शाखा ९८५२८३५२७७, जिप्रका कार्यालय प्रमुख ९८५२८१५५५५ वा जिप्रका उदयपुर सुचना अधिकृतको सम्पर्क नं. ९८५२८३५५०८ मा सम्पर्क गरी जानकारी दिने व्यवस्था मिलाईएको छ ।
- राजमार्गहरुमा घटना घटेको खबर प्राप्त हुनसाथ कन्ट्रोल रुमबाट घटनास्थलमा तत्काल आवश्यक प्रहरी टोली परिचालन गरी घटनास्थलको सुरक्षा गर्ने तथा नजिकका स्वास्थ्य कार्यालयहरु सँग समन्वय गरी आवश्यक काम कार्वाही गर्ने व्यवस्था मिलाईएको छ ।

**राजमार्गमा बाढी, पहिरो, कटान जस्ता प्राकृतिक प्रकोपमा नेपाल प्रहरीको परिचालन सुरक्षा कार्य योजना**

१. प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक दुर्घटना सम्बन्धी खवर प्राप्त गर्ने तथा तत्काल उद्धार कार्यमा परिचालन गर्न सक्ने गरी जिप्रकामा प्रहरी नायव उपरीक्षकको कमाण्डमा २५ जना र ईप्रका "क" स्तरसम्म जु.प्र.अको कमाण्डमा १५/१५ जना टोली स्टेण्डवाई राख्ने र निजहरुको सम्पर्क नं. एवं समन्वय गर्ने व्यवस्था मिलाईएको ।

२. स्थानीय प्रशासन, सडक विभाग, नगरपालिका तथा अस्पताल सँग समन्वय गरी Heavy Equipment (डोजर, क्रेन, स्काईभेटर), वारुणयन्त्र, एम्बुलेन्स आदिलाई २४ सै घण्टा परिचालन हुने गरी स्टेण्डवाई राख्ने ।

३. विपद व्यवस्थापनको लागि जिल्ला प्रहरी कार्यालयमा Focal Point Officer को रुपमा प्रहरी निरीक्षक तोक्ने ।

- यस जिल्लाका राजमार्गहरुमा हुने आपराधिक क्रियाकलाप नियन्त्रण र रोकथाम गर्नका निमित्त सम्पूर्ण राजमार्ग तथा सहायक मार्गहरुमा आवश्यक सुरक्षा प्रदान गर्नका लागि प्रत्येक १०/१० कि.मी.को दूरीलाई समेट्ने गरी बढीमा १० मिनेट भित्र घटनास्थल पुग्ने गरी आवश्यकतानुसार QRT र मोबाईल गाडी परिचालन गरिएको छ ।

**राजमार्गमा बन्द, हडताल, चक्काजाम नेपाल प्रहरीको परिचालन सुरक्षा कार्य योजना**

१. बन्द, हडताल बारेमा जानकारी लिन सादा पोशाकमा प्रहरी परिचालन गर्ने ।

२. आफ्नो जिम्मेवारी क्षेत्र भित्रको राजमार्ग तथा सहायक मार्गको कुनै पनि स्थानमा बन्द हडताल तथा चक्काजाम जस्ता घटना भएमा तत्काल तालुक कार्यालयमा जानकारी गराउने र तालुक कार्यालयबाट भए बमोजिमको निर्देशन अनुसार काम कार्बाही गर्ने ।

३. ट्राफिक सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

४. स्थानीय प्रशासन तथा अन्य सुरक्षा निकायसँग समन्वय गरी बन्दको कारण बाटोमा अलपत्र परेका सवारी साधनहरुलाई सुरक्षित गन्तव्य सम्म पुर्याउन स्कर्टिङ तथा अन्य सुरक्षा निकायहरु सँग समेत सहकार्य गर्ने ।

५. स्थानीय प्रशासनसँग समन्वय गरी राजमार्ग क्षेत्रलाई बन्द, हडताल, चक्काजाम, धर्ना तथा जुलुस आदि गर्नबाट पूर्णतः रोक लगाउनलाई सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।

६. राजमार्ग बन्दका कारण अत्यावश्यक बस्तु तथा सेवाहरुको ढुवानीमा अवरोध भएमा कारण ढुवानीलाई नियमित एवं सुनिश्चित गर्न आफ्नो जिम्मेवारी ईलाकामा सुरक्षा व्यवस्था कडा पार्ने ।

- राजमार्गमा हुने दैवी प्रकोपका घटनाहरुको जानकारी प्राप्त हुन साथ तत्काल उद्धारका सामाग्री सहित टोली परिचालित भई अबरोध हटाउने र आवगमनमा सहजीकरण गर्ने ।
- राजमार्गका संवेदनशिल स्थानहरुको पहिचान तथा छनोट गरी सुरक्षा गतिविधी तथा निगरानी बढाउने ।
- राजमार्गमा बिभिन्न सन्देशमुलक तथा जनसरोकारका बिषयक होर्डिङ बोर्ड राख्ने ।
- अराजक गतिविधिमा संलग्न हुनेहरुलाई नियन्त्रणमा लिएर कानूनी कारवाही गर्ने ।
- हुल हुज्जत भएमा अग्रपंक्तीमा रही कार्य गर्ने ।

- कुनै कारवाही भए घटनाको कानूनी कागजात तयार गर्ने ।
- समुदाय र सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने ।
- स्थानीय कारवाहीबाट अवरुद्ध सडक खुलाउन सम्भव नभएमा सो को आँकलन समयमा नै गरी मजकुर निकायहरु तथा सम्बन्धित निकायमा प्रतिवेदन गर्ने र प्राप्त आदेश अनुरुप परिचालित हुने ।

**घ. सशस्त्र प्रहरी बल नेपाल**

- राजमार्गमा हुने बन्द, हड्ताल, चक्काजाम, यात्रुवाहक बसमा हुने आगजनी, तोडफोड, बम विष्फोटन, चोरी, डकैती, लुटपाट, ठगी, धम्की, अपहरण, चन्दा संकलन जस्ता घटनाका कारण अवरुद्ध सडकलाई सुरक्षा प्रदान गरी सडक सुचारु एवं उद्दार कार्य गर्न र सडक दुर्घटना तथा बाढी पहिरो जस्ता मानवजन्य र प्राकृतिक प्रकोपको अवस्थामा पीडितहरुलाई उद्धार तथा सडक व्यवस्थापन गर्न राजमार्गमा नियमित रुपमा मोवाईल गस्ती टोली परिचालन गर्ने ।
- राजमार्ग क्षेत्रमा सडक दुर्घटना, बाढीपहिरो आदिको कारण घाईते भएका तथा अलपत्रमा परेका यात्रुहरुलाई तत्काल आवश्यकउद्धार गर्न गण, गुल्महरुबाट आकस्मिक उद्धार मेडिकल टोली सहितको एक वटा एम्बुलेन्स तयारी हालत राख्ने साथै २४ सै घण्टा सिनियर अधिकृतको कमाण्डमा १ प्लाटुन टोलि आवश्यक हातहतियार गोली गठ्ठा र असभावका साधन सहित गण तथा गुल्महरुमा स्टेण्डवाई राख्ने। तथा अन्य साधन श्रोतहरु सहित IRT(जुनियर अधिकृतको कमाण्डमा सेक्सन प्लस) टोली तत्काल परिचालन हुने गरी व्यवस्था गर्ने र प्राप्त सुचनाको आधारमा घटनास्थलहरुमा तुरुन्त सुरक्षा टोली परिचालन गर्न सकिने गरी प्रत्येक युनिटहरुमा QRTटिम (गण र गुल्म स्तरसम्म सिनियर अधिकृतको कमाण्डमा प्लाटुन र अन्यको हकमा जुनियर अधिकृतको कमाण्डमा सेक्सन प्लस) तयारी अवस्थामा राख्ने ।
- राजमार्ग सुरक्षा योजना अनुसार जिल्ला भरका राजमार्गहरुमा हुने अपराध एवं आपराधिक क्रियाकलाप नियन्त्रण गर्न सबै राजमार्ग तथा सहायक मार्गहरुमा आवश्यक सुरक्षाको लागि प्रत्येक २०/२० कि.मी.को दूरीलाई समेट्ने गरी ३० मिनेटमा घटनास्थल पुग्ने गरी आवश्यकतानुसार राजमार्ग सुरक्षा पोष्ट स्थापना गर्ने ।

**राजमार्गमा बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपमा सशस्त्र प्रहरी बल नेपालको परिचालन सुरक्षा कार्य योजना**

i. प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक दुर्घटना सम्बन्धी खवर प्राप्त गर्ने तथा तत्काल उद्धार कार्यमा परिचालन गर्न सक्ने टोली स्टेनबाई राख्ने ।
ii. प्राकृतिक प्रकोपमा तत्काल परिचालन हुनसक्ने गरी २४ सै घण्टा मेडिकल लगायत सम्बन्धित तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारी लगायत आवश्यक उद्धारका सामाग्रीहरु सहितको सुरक्षा टोली बाहिनीहरु, गणहरु र गुल्महरुले तयारी अवस्थामा राख्ने ।
iii. विपद व्यवस्थापनको लागि सशस्त्र प्रहरी बलका कार्यालयहरुमा पनि Focal Point Officer को रुपमा सिनियर अधिकृत तोकी जिम्मेवारी दिने ।
iv. राजमार्गमा बन्द, हडताल, चक्काजाम सशस्त्र प्रहरी बल नेपालको परिचालन सुरक्षा कार्य योजना

v. बन्द, हडताल बारेमा जानकारी लिन अग्रिम ईन्ट परिचालन गर्ने ।

vi. आफ्नो जिम्मेवारी क्षेत्र भित्रको राजमार्ग तथा सहायक मार्गको कुनै पनि स्थानमा बन्द हडताल तथा चक्काजाम जस्ता घटना भएमा तत्काल सुरक्षात्मक कारवाही संचालन गरी आवागमनलाई सुचारु गर्ने ।

i. स्थानीय प्रशासन, अन्य सुरक्षा निकाय तथा सम्बन्धित अन्य पक्षहरुसँग समन्वय गरी बन्द, हडताल र चक्काजाममा Road Opening and Convoy Protection जस्ता सुरक्षात्मक कारवाही संचालन गर्ने ।

ii. स्थानीय प्रशासन तथा अन्य सुरक्षा निकायहरुसँग समन्वय गरी राजमार्ग बन्दको समयमा आफ्नो जिम्मेवारी क्षेत्रभित्र राज्यले निर्दिष्ट गरेको VIP तथाVVIP लाई एस्कर्टको व्यवस्था मिलाउने ।

iii. राजमार्ग बन्दका कारण अत्यावश्यक बस्तु तथा सेवाहरुको ढुवानीमा अवरोध भएमा कारण ढुवानीलाई नियमित एवं सुनिश्चित गर्न आफ्नो जिम्मेवारी ईलाकामा एस्कर्ट तथा सुरक्षाको प्रत्याभुति दिलाउने ।

- बन्द, हडताल, चक्काजाम लगायतको राजमार्ग अवरोध हुने जस्ता खबर प्राप्तीको लागि सशस्त्र प्रहरी बल नेपालको टोल फ्रि नम्बर११११४ कार्यालयको फोन नम्बर ०३५-४२१६४० सर्वसाधारणको पहुँचमा पुर्याउने ।
- राजमार्गमा बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपमा सशस्त्र प्रहरी बल नेपालको परिचालन हुनको लागि सम्बन्धित युनिटले आदेशलाई नपर्खी रिपोटिङ्ग गरेर यथाशीघ्र परिचालन हुने र राजमार्ग अवरोध तथा सडक खुलाउन भए गरेका कार्यहरुको जानकारी समयमै घटनाको प्रकृति हेरी Chain of Command मार्फत सम्बन्धित निकायहरुमा जानकारी गराउने ।
- प्रमुख जिल्ला अधिकारीको आदेश निर्देशनमा जुनसुकै बखत यस जिल्लाको स.प्र.बल परीचालन हुने छ ।

## ङ. राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

- सडक अवरोध, अतिक्रमण, जोखिम एवं सडक अवस्थासँग सम्बन्धित सम्पूर्ण सूचनाहरु नियमित रुपमा संकलन गरी आवश्यकता अनुसार सम्बन्धित निकायहरुमा सम्प्रेषण गर्ने ।
- अवरोधको समयमा हुनसक्ने सम्भावित परिस्थिति, हुल, भीड, भेला, जमघट र सो समूहबाट हुनसक्ने थप अवाञ्छित गतिविधि एवं त्यस्ता कार्यमा संलग्न व्यक्ति वा समूहसँग अन्तर सम्बन्धित अन्य विभिन्न पक्षहरुको समेत विश्लेषण गरी सूचनाको आदान प्रदान गर्ने ।
- अवरोध गर्ने व्यक्ति वा समूहसँग अन्तरसम्बन्धित अन्य विभिन्न पक्षहरुको विश्लेषण गर्ने ।
- विपद उद्धार कार्यमा खटिने संघ संस्था तथा उद्धार कार्यमा प्रयोग हुने उपकरणहरुको निकायगत जानकारी लिई विवरण तयारी अवस्थामा राख्ने ।
- अवरोध खुलाउने विषयमा स्थानीय प्रशासन, सुरक्षा संयन्त्र, स्थानीय तहका पदाधिकारी, राजनीतिक दल, सञ्चारकर्मी तथा उपयुक्त मध्यस्थकर्ताहरुसँग आवश्यकता अनुरुप समन्वय एवं परिचालन गर्ने ।

**च. सडक कार्यालयहरु**

- सडक अवरोध खुलाउन आवश्यक पर्ने उपकरणहरु (डोजर, स्काभेटर, क्रेन, ट्रक, लोडर लगायत) तयारी अवस्थामा राख्ने । आफूसँग भएका उपकरण अभाव हुने भएमा स्थानीय निर्माण व्यवसायीहरुसँग समन्वय गरी उपकरणहरु तत्काल परिचालन गर्ने ।
- राजमार्गको अद्यावधिक अवस्था नियमित पहिचान गर्ने साथै नियमित रुपमा मर्मत सम्भार गर्ने । सडक मर्मत तथा सम्भारका लागि स्थानीय तहहरुसँग समेत समन्वय गर्ने ।
- सडक तथा ट्राफिक सुरक्षाका लागि सडक किनारामा विभिन्न सुरक्षा संकेतहरु राख्ने ।
- सडक सिमांकन गर्ने तथा अतिक्रमण भए नभएको नियमित अनुगमन गर्ने ।अतिक्रमण हटाउन स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गर्ने ।
- जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायहरुसँग नियमित समन्वय रहने ।

**छ. स्थानीय तह**

- आफ्नो क्षेत्रभित्र पर्ने राजमार्गको अवस्था नियमित अनुगमन गरी मर्मत सम्भार तथा स्तरोन्नती गर्नुपर्ने भएमा तत्काल डिभिजन सडक कार्यालयलाई जानकारी गराउने ।
- सडक अवरोध खुलाउन सुरक्षा निकाय तथा डिभिजन सडक कार्यालयसँगको समन्वयमा स्थानीय तहमा रहेका उपकरणहरु परिचालन गर्ने ।
- कुनै राजनैतिक विवादका कारण सडक अवरोध भएमा मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने ।
- स्थानीय राजनैतिक दल तथा भातृ संगठनहरुसँग समन्वय गर्ने ।
- सडक क्षेत्रभित्र निर्माण सामाग्री नराख्न तथा सडकको सुरक्षाका लागि स्थानीय नागरिकहरुलाई सचेतीकरण गर्ने ।
- आम स्थानीयवासीहरुलाई अवरोध हटाउन परिचालन गर्ने ।
- स्थानीय संघ संस्था, नागरिक समाज तथा आम नागरिकहरुसँग समन्वय गर्ने ।
- विपद्का कारणले सडक अवरोध भएमा अवरोध हटाई सडक सुचारु गर्ने/गराउने कार्यमा सहयोग गर्ने ।

**ज. नागरिक समाज/आम नगरिक**

- सडक सुरक्षा तथा ट्राफि व्यवस्थापनमा सहयोग गर्ने ।
- सडक अवरोध सम्बन्धी सूचना तत्काल नजिकको सुरक्षा निकायलाई जानकारी गराउने ।
- उद्धार कार्यमा सहयोग गर्ने ।
- विवाद व्यवस्थापनमा सहयोग गर्ने ।

## १२.कार्ययोजना

| समस्या/जोखिम | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| पूर्वतयारी | • राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समितिबाट कार्ययोजना तर्जुमा वा परिमार्जन गरी कार्यान्वयन गर्ने ।<br>• आवश्यक मानवीय तथा भौतिक स्रोत साधनको सुनिश्चित गर्ने ।<br>• स्थानीय नागरिक, स्थानीय तह, सुरक्षा निकाय, डिभिजन सडक तथा विपद प्रतिकार्यका लागि Cluster Lead हरुसँग निरन्तर समन्वय तथा सहकार्य गर्ने । | • जिल्ला प्रशासन कार्यालय | • स्थानीय तह<br>• समन्वय समितिका पदाधिकारीहरु<br>• Cluster Lead Agency<br>• आम नागरिक<br>• सञ्चार माध्यम | श्रावण महिना भित्र कार्ययोजना तर्जुमा र निरन्तर कार्यान्वयन | जिल्ला प्रशासन कार्यालय | |
| सडक दुर्घटना | • QRT/RRTरोष्टर गठन तथा परिचालन गर्ने ।<br>• उद्धार कार्यका लागि आवश्यक मानवीय तथा भौतिक उपकरण व्यवस्थापन गर्ने ।<br>• दुर्घटनाको उच्च जोखिमयुक्त स्थानहरुका बारेमा सवारी चालकहरुलाई पूर्व जानकारी गराउन होर्डिङ बोर्ड, सडक संकेत तथा अन्य माध्यमबाट सचेत गराउने ।<br>• विपद प्रतिकार्य तथा प्रतिकार्य योजना अनुसार खोज तथा उद्धार कार्यका लागि सबै Cluster परिचालन गर्ने । | • जिल्ला प्रशासन कार्यालय<br>• सबै सुरक्षा निकाय<br>• डिभिजन सडक कार्यालय | • स्थानीय तह<br>• नागरिक समाज<br>• सञ्चार माध्यम | दुर्घटनाकोजानकारी पाए लगत्तै | जिल्ला विपद् व्यवस्थापन समिति | • QRT/RRTरोष्टर विवरण<br>• उद्धार कार्य प्रतिवेदन |
| बन्द, हडताल, चक्काजाम | • बन्द हडताल हुनसक्ने क्षेत्र पहिचान गर्ने<br>• सडक बन्द भएको जानकारी पाएको १० मिनेट भित्र अवरोध हटाउने गरी QRT/RRTतैनाथी गर्ने ।<br>• प्रहरी चौकीहरुबाट नियमित गस्ती, पिकेटिङ गर्ने ।<br>• बन्द हडतालको सूचना प्राप्त गर्न स्थानीय नागरिकहरुसँग सम्पर्क सञ्जाल स्थापना गर्ने ।<br>• बन्द हडतालको कारण पहिचान गरी विवाद समाधानका लागि सम्बन्धित स्थानीय तह तथा राजनैतिक दलका पदाधिकारीहरुसँग समन्वय तथा सहकार्य गर्ने ।<br>• बन्दका कारण हुने भिडभाडमा अवैध खाद्यवस्तु बिक्री हुनसक्ने, मूल्यवृद्धि हुनसक्ने भएकोले स्थानीय तहलाई सो को नियमन गर्न अनुरोध गर्ने ।<br>• सवारी दुर्घटनाका कारण कुनै यात्रु/व्यक्तिको मृत्यु भएमा सडकबाट तत्काल शव हटाई अस्पताल तथा अन्य सुरक्षित स्थानमा राख्ने । | • जिल्ला प्रशासन कार्यालय<br>• सबै सुरक्षा निकाय<br>• डिभिजन सडक कार्यालय | • स्थानीय तह<br>• राजनैतिक दल<br>• नागरिक समाज<br>• सञ्चार माध्यम | बन्द हडताल हुने सम्भावना भए पश्चात तुरुन्तै वा बन्द हडतालको जानकारी पाएमा तुरुन्तै | जिल्ला प्रशासन कार्यालय | • गस्ती, पिकेटिङ संख्या<br>• सूचना सम्पर्क सञ्जाल<br>• समन्वय बैठक/ छलफल |

| समस्या/जोखिम | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| | • बन्द हडतालका क्रममा अलपत्र परेका यात्रु मध्ये वृद्ध र बालबालिकाहरुको विशेष संरक्षण गर्ने ।<br>• विवाद व्यवस्थापनको लागि मध्यस्थकर्ताहरु पहिचान गरी अनुरोध गर्ने ।<br>• बन्द हडताल हटाउन आवश्यकतानुसार उत्तेजित तथा अराजक व्यक्तिहरुलाई नियन्त्रणमा लिई कानूनी कारवाही गर्ने ।<br>• अलपत्र परेका यात्रुहरु तथा विशिष्ट व्यक्तिहरुलाई सुरक्षित स्थानसम्म एस्कर्ट गरी पुर्‍याउने । | | | | | |
| तोडफोड, आगजनी, लुटपाट | • बन्द हडतालका क्रममा सवारी तोडफोड तथा आगजनी हुन नदिन सुरक्षा निगरानी बढाउने । तोडफोड तथा आगजनी भएमा तुरुन्तै सम्बन्धितलाई नियन्त्तणमा लिने ।<br>• सडक अवरोधका कारण भिडभाड भई हुनसक्ने लुटपाट, ठगी, अपहरण, चन्दा संकलन जस्ता घटनाका बारेमा उच्च सुरक्षा निगरानी बढाउने ।<br>• स्थानीय नागरिकहरुसँग समन्वय गर्ने । | • जिल्ला प्रशासन कार्यालय<br>• सबै सुरक्षा निकाय | • स्थानीय तह<br>• राजनैतिक दल<br>• नागरिक समाज | | जिल्ला प्रशासन कार्यालय | • सुरक्षा गस्ती<br>• स्थानीय नागरिकसँगको समन्वय/ बैठक/ छलफल |
| जीर्ण सडक मर्मत सम्भार तथा सडक स्तरोन्नती | • राजमार्गको अवस्था नियमित अनुगमन गर्ने ।<br>• मर्मत सम्भार गर्नुपर्ने तथा स्तरोन्नती गर्नुपर्ने सडकहरु तत्काल मर्मत गर्ने ।<br>• मर्मत सम्भार गर्दा रातको समय तथा सवारी साधनको न्यून आवागमन हुने समयमा उपयोग गर्ने ।<br>• डाईभर्सन तयार गरेर मात्र सडक मर्मत सम्भार र स्तरोन्नती कार्य सुरु गर्ने ।<br>• स्थानीय सडकहरुको मर्मत सम्भारका लागि स्थानीय तहलाई अनुरोध गर्ने ।<br>• सडकको गुणस्तर, ग्रेडिङ तथा चौडाई सवारी साधन अनुकुल बनाउदै लैजाने । | • डिभिजन सडक कार्यालय | • स्थानीय तह<br>• निर्माण व्यवसायी<br>• नागरिक समाज<br>• सञ्चार माध्यम | श्रावण मसान्त भित्र योजना बनाई निरन्तर | जिल्ला प्रशासन कार्यालय | • सडक अनुगमन प्रतिवेदन<br>• सडक मर्मत सम्भार प्रतिवेदन |
| निर्माण सामाग्री सडकमा राखिने तथा सडक अतिक्रमण | • निर्माण सामाग्रीहरु सडकमा नराख्न सबैलाई अनुरोध गर्ने । कसैले अटेर गरेमा सडक ऐन अनुसार कारवाही गर्ने ।<br>• सडक अतिक्रमणको पहिचानको लागि नियमित रुपमा सडक अनुगमन गर्ने । | • डिभिजन सडक कार्यालय | • जिल्ला प्रहरी कार्यालय<br>• स्थानीय तह<br>• नागरिक समाज | निरन्तर/ अतिक्रमणको जानकारी पाए लगत्तै | जिल्ला प्रशासन कार्यालय | • सडक अनुगमन प्रतिवेदन<br>• अतिक्रमित स्थान र सुरक्षा कारवाही |

| समस्या/जोखिम | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| ट्राफिक व्यवस्थापन | • सडकमा सवारी साधन नराख्न तथा निश्चित स्थानमा मात्र यात्रु चढाउने र ओराल्ने कार्यका लागि यातायात व्यवसायीलाई अनुरोध गर्ने ।<br>• ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>• सवारी चलाएको समयमा मोवाइल प्रयोगमा निषेध गर्ने ।<br>• ट्राफिक संकेत/सडक संकेतहरु व्यवस्थापन गर्ने ।<br>• मापसे नियमित चेकजाँच गर्ने ।<br>• सवारी साधन तिब्र रुपमा गुडाउने चालकलाई सचेत गर्ने ।<br>• बाक्लो हुस्सु लागेको बेला तथा वर्षातको वेलामा विशेष चनाखो भएर मात्र सवारी चलाउन सवारी चालकलाई अनुरोध गर्ने ।<br>• सवारी सञ्चालनमा असहज हुने गरी सडक किनारामा ठूला होर्डिङ बेर्ड राख्न नदिने । | • ट्राफिक प्रहरी कार्यालय | • जिल्ला प्रहरी कार्यालय<br>• स्थानीय तह<br>• नागरिक समाज<br>• सञ्चार माध्यम | निरन्तर | जिल्ला प्रशासन कार्यालय | • ट्राफिक सचेतना कार्यक्रम प्रतिवेदन<br>• मापसे चेकजाँच संख्या |
| सडकमा बालबालिका तथा पशु चौपाया | • सडकमा पशु चौपाया नछाड्न तथा बालबालिकाहरुलाई समेत सडकमा नखेल्नका लागि अभिभावकहरुलाई सचेत गराउने ।<br>• पैदल यात्रुहरुको उच्च आवागमन हुने बजार क्षेत्रहरुमा विशेष सडक तथा ट्राफिक संकेत राख्ने व्यवस्था मिलाउने । | • स्थानीय तह | • डिभिजन सडक कार्यालय<br>• प्रहरी चौकी<br>• नागरिक समाज<br>• सञ्चार माध्यम | निरन्तर | जिल्ला प्रशासन कार्यालय | • अभिभावक सचेतना अभिमुखीकरण कार्यक्रम प्रतिवेदन |
| सडक दुर्घटना न्यूनीकरण | • बढी दुर्घटना हुने क्षेत्रमा दुर्घटना संकेत चिन्ह राख्ने, सडकको एलाइनमेन्ट, मोड सुधार गर्ने, Sleeper Line बनाउने । | • सडक डिभिजन कार्यालय/सडक आयोजना कार्यालय | • ट्राफिक प्रहरी<br>• स्थानीय तह | आवश्यकता अनुसार | जिल्ला प्रशासन कार्यालय<br>जिल्ला प्रहरी कार्यालय | • सडक दुर्घटना कम भएको हुने<br>• सडक सुरक्षा संकेत राखिएको हुने<br>• सडक पूर्वाधार सुधार भएको हुने |

अनुसूची - १

## राजमार्ग अवरोध हटाउन/व्यवस्थापन गर्न आवश्यक औजार उपकरणहरुको विवरण

### क. उपकरणहरु

| क्र.सं. | उपकरणको नाम | इकाई | संख्या | उपकरणको निकाय | सम्पर्क व्यक्तिको नाम थर | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | स्काभेटर | वटा | १० | निर्माण व्यवसायी संघ | कौशल आचार्य | ९८५२८३०६३८ | जिल्लाभरी करिव १०० वटा जती निजी भएकोले आवश्यकता अनुसार प्रयोग गर्न सकिने |
| २ | लोडर | वटा | ३ | निर्माण व्यवसायी संघ | कौशल आचार्य | ९८५२८३०६३८ | |
| ३ | रोलर | वटा | ३ | निर्माण व्यवसायी संघ | कौशल आचार्य | ९८५२८३०६३८ | |
| ४ | मालबाहक ट्रक | वटा | १० | हिमाली यातायात व्यवसायी केन्द्र | उमेश बस्नेत | ९८५२८३५४८३ | आवश्यकता अनुसार प्रयोग गर्न सकिने |
| ५ | बेल्चा | वटा | ११० | | | | |
| ६ | गैंटी | वटा | १०३ | | | | |
| ७ | दमकल | वटा | ३ | स्थानीय तहहरु | | | |
| ८ | डोरी | मिटर | ५७० | | | | |
| ९ | Wood Cutter | वटा | | | | | |
| १० | र्याकर | वटा | | | | | |

### ख. एम्बुलेन्सहरुको विवरण

| क्र.सं. | संस्थाको नाम | स्थानीय तह | सवारी साधन नं. | वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला अस्पताल | त्रियुगा १० | प्र. १-०४-००१ घ ००६३ | ख | |
| २ | नेपाल रेडक्रस सोसाइटी गाईघाट शाखा | त्रियुगा १० | प्र. १-०४-००१ च १०३७ | ख | |
| ३ | रौता हस्पिटल | त्रियुगा ११ | प्र. १-०५-००१ च ००५२ | ख | |
| ४ | स्वास्थ्य चौकी भुमरसुवा | त्रियुगा ७ | प्र. १-०४-००१ च ०९१२ | ख | |
| ५ | मेहबुब राजा फाउण्डेसन | त्रियुगा १२ | प्र. १-०५-००१ च ००४२ | ख | |
| ६ | उदयपुर सामाजिक सेवा तथा विकास | त्रियुगा १० | स १ च ४९७ | ग | |
| ७ | उदयपुर सामाजिक सेवा तथा विकास | त्रियुगा १० | स १ च ४९५ | ग | |

| क्र.सं. | संस्थाको नाम | स्थानीय तह | सवारी साधन नं. | वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| ८ | उदयपुर त्रियुगा हस्पिटल एण्ड रिसर्च सेन्टर | त्रियुगा १० | स १ च १४१७ | ग | |
| ९ | सवराती मिया स्मृति प्रतिष्ठान | त्रियुगा ३ | स १ च १३९५ | ग | |
| १० | रामदेव साह स्मृति प्रतिष्ठान | त्रियुगा ३ | स १ च १३६८ | ग | |
| ११ | आँखा अस्पताल उदयपुर गाईघाट | त्रियुगा १० | बा १६ च ७२९९ | ग | |
| १२ | सिम्रिक बहुउद्देश्यीय सहकारी संस्था | त्रियुगा ११ | २०० च ००२९ | ग | |
| १३ | अजिम मेमोरियल ट्रष्ट उदयपुर | त्रियुगा १२ | स १ च १८२५ | ग | |
| १४ | त्रियुगा नगरपालिकाको कार्यालय | त्रियुगा १२ | प्र. २-०१ झ ०००१ | ग | |
| १५ | सुशासनका हिमायती जि.क्यू. | त्रियुगा ११ | प्र. ०५-००१ च ००३८ | ग | |
| १६ | महुरी देवी साह स्मृति प्रतिष्ठान | त्रियुगा १२ | प्र. १-०४ च ७६० | ग | |
| १७ | राजेश हेल्थ केयर मोतिगडा | त्रियुगा ३ | प्र. १-०४-००१ च ०५४८ | ग | |
| १८ | कटारी नगरपालिकाको कार्यालय | कटारी ५ | प्र. २-००१-०५-००१९ | ग | |
| १९ | कटारी अस्पताल | कटारी ५ | स १ झ ४५४ | ग | |
| २० | सगरमाथा हस्पिटल | कटारी ५ | स १ च ६२२ | ग | |
| २१ | जय बहादुर सापकोटा स्मृति प्रतिष्ठान | कटारी | स १ च ११२० | ग | |
| २२ | नेपाल रेडक्रस सोसाइटी उपशाखा कटारी | कटारी ३ | स १ च १२०५ | ग | |
| २३ | साङ्गे छ्यालिङ्ग बौद्ध गुम्बा कटारी | कटारी ८ | स १ च १०८९ | ग | |
| २४ | कटारी मोडल हेल्थ केयर प्रा.लि. | कटारी ८ | स १ च १४०१ | ग | |
| २५ | आस्था लाईफ केयर प्रा.लि. | कटारी १४ | स १ च १३९२ | ग | |
| २६ | आस्था समाज प्रतिष्ठान | कटारी ३ | स १ च १८३१ | ग | |
| २७ | जनसेवा हेल्थ केयर सेन्टर प्रा.लि. | कटारी १४ | स १ च १८५५ | ग | |
| २८ | हलेसी सामुदायिक प्रतिष्ठान | कटारी ३ | स १ च ५६२ | ग | |
| २९ | तिर्थ बहादुर अधिकारी स्मृति प्रतिष्ठान | कटारी ३ | स १ च १४८७ | ग | |
| ३० | स्वास्थ्य चौकी रामपुर | वेलका ९ | प्र. २-०१-००१ झ ००२ | ग | |
| ३१ | सामाजिक सेवा समूह तपेश्वरी | वेलका १ | स १ च ७३४ | ग | |

| क्र.सं. | संस्थाको नाम | स्थानीय तह | सवारी साधन नं. | वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| ३२ | अम्बर ज्योती युवा समूह | वेलका ५ | स १ च १८१५ | ग | |
| ३३ | बेल्टार प्राथमिक स्वास्थ्य केन्द्र | चौदण्डीगढी ७ | स १ झ ४७४ | ग | |
| ३४ | स्वास्थ्य चौकी सुन्दरपुर | चौदण्डीगढी ५ | स १ झ ४७० | ग | |
| ३५ | स्वास्थ्य चौकी चौदण्डी | चौदण्डीगढी १ | स १ झ ४८९ | ग | |
| ३६ | लालिगुराँस महिला बहुउद्देश्यीय सहकारी संस्था लि. | चौदण्डीगढी ७ | स १ च १८५२ | ग | |
| ३७ | स्वास्थ्य चौकी आँपटार | रौतामाई ५ | स १ झ ५३९ | ग | |
| ३८ | स्वास्थ्य चौकी पोखरी | रौतामाई ४ | स १ झ ५४० | ग | |
| ३९ | रौतामाई हेल्थ सेन्टर प्रा.लि. | रौतामाई ७ | स १ च १८६० | ग | |
| ४० | स्वास्थ्य चौकी भुट्टार | रौतामाई २ | स १ झ ५२२ | ग | |
| ४१ | नेपाल रेडक्रस सोसाईटी उपशाखा भलायडाँडा | उदयपुरगढी ५ | १ च ५२६ | ग | |
| ४२ | स्वास्थ्य चौकी डुम्रे | उदयपुरगढी ४ | स १ झ ५२९ | ग | |
| ४३ | स्वास्थ्य चौकी उदयपुरगढी | उदयपुरगढी ५ | स १ झ ५२८ | ग | |
| ४४ | स्वास्थ्य चौकी तावाश्री | उदयपुरगढी १ | स १ झ ५२६ | ग | |
| ४५ | स्वास्थ्य चौकी बर्रे | उदयपुरगढी ३ | स १ झ ५२७ | ग | |

# अनुसूची - २

## जिल्ला तथा स्थानीय सडकहरुको विवरण

बाटोघाटो तथा यातायात सम्बन्धी विवरण

| सि.नं. | सडक खण्ड | पक्की/कच्ची | लम्बाई कि.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | लालपत्ता- गाईघाट सडकखण्ड | पक्की | १८ कि.मी | |
| २ | गाईघाट-लहान-कटारी सडकखण्ड | पक्की/कच्ची | ९० कि.मी | |
| ३ | गाईघाट - चतरा सडक खण्ड | पक्की | ५७ कि.मी | |
| ४ | गाईघाट - साउने हुदै रसुवा | पक्की/कच्ची | ५४ कि.मी | |
| ५ | सगरमाथा राजमार्ग | पक्की | १३१ कि.मी | गाईघाट-दिक्तेल |
| ६ | सिद्धिचरण राजमार्ग | पक्की/कच्ची | ६७ कि.मी | चुरे, कटारी, घुर्मी |
| ७ | मदन भण्डारी लोकमार्ग | पक्की | १०९ कि.मी. | भिमान-चतरा |

# अनुसुची-३

## विभिन्न पदाधिकारीहरुको सम्पर्क विवरण

### क. जिल्ला सुरक्षा समितिका पदाधिकारीहरू

| सि.नं. | दर्जा | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | श्री प्रेम प्रसाद लुइटेल | अध्यक्ष | ९८५२८१७७७७ |
| २ | प्रमुख सेनानी | श्री शिव प्रसाद वाग्ले | सदस्य | ९८५२८३५२५९ |
| ३ | प्रहरी उपरीक्षक | श्री हरिहर नाथ योगी | सदस्य | ९८५२८१५५५५ |
| ४ | सशस्त्र प्रहरी प्रहरी उपरीक्षक | श्री सुशिल कुमार शाही | सदस्य | ९८५१२२७२१० |
| ५ | उप अनुसन्धान निर्देशक | श्री कुमार बुढाथोकी | सदस्य | ९८५२८८८८८६ |
| ६ | सहायक प्रमुख जिल्ला अधिकारी | श्री विक्रम प्रसाद पाण्डेय | सदस्य सचिव | ९८५२८३५०७९ |

### ख. सडकसँग सम्बन्धित कार्यालयका प्रमुखहरु

| सि.नं. | कार्यालय | प्रमुखको नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | यातायात व्यवस्था सेवा कार्यालय | श्री गोपाल दाहाल | कार्यालय प्रमुख | ९८५२८३५७२७ |
| २ | गाईघाट दिक्तेल सडक योजना | श्री पशुपति ज्ञवाली | योजना प्रमुख | ९८५२८३२४९२ |
| ३ | मिर्चैया कटारी घुर्मी सडक योजना, कटारी | श्री पशुपति ज्ञवाली | योजना प्रमुख | ९८५२८३२४९२ |
| ४ | जिल्ला ट्राफिक प्रहरी कार्यालय | श्री चन्द्र बहादुर थापा | प्रहरी निरीक्षक | ९८५२८९०१८९ |

## ख. प्रहरी युनिटहरूको विवरण

| सि.नं. | कार्यालय | दर्जा | नाम थर | कल साईन | ब्यक्तिगत सम्पर्क न. | का.को CUG नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिप्रका उदयपुर संचार शाखा | ``` | | UN | ९८५१२८०५१५ | ९८५२८३५२७७ | |
| २ | जिप्रका उदयपुर | प्रउ | हरीहर नाथ योगि | K1 | ९८५१२८०५१५ | ९८५२८१५५५५ | |
| ३ | जिप्रका उदयपुर | प्रनाउ | केदारमान दोङ | K2 | ९८५१२८१४४८ | ९८५२८३५५०८ | |
| ४ | जिप्रका उदयपुर | प्रनि | सुमन बानिया | K3 | ९८५१२८२३२० | | |
| ५ | जिप्रका उदयपुर | प्रनि | धन कुमारी राई | K4 | ९८६२०६५५०३ | | |
| ६ | जिप्रका उदयपुर | प्रनि | सुन्दर कार्की | K5 | ९८५५०९०६१७ | | |
| ७ | जिप्रका उदयपुर | प्रनि | नारायण कुमार योगी | K6 | ९८५२०९०६५५ | | |
| ८ | ईप्रका कटारी | प्रनाउ | कमल बजगाई | D121 | ९८५१२८२४०० | ९८५२८३६३१५ | |
| ९ | ईप्रका रामपुरठोक्सिला | प्रनि | मौसम उदास | I121 | ९८५१२८१९७२ | ९८५२८३५१९ | |
| १० | ईप्रका बेल्टार उदयपुर | प्रनि | बबिन राई | I131 | ९८४३५८६०५५ | ९८५२८४४०८८ | |
| ११ | जिट्राप्रका उदयपुर | प्रनि | चन्द्र खड्का | T1 | ९८५२०९००८० | ९८५२८३५५१२ | |
| १२ | इप्रका रौतामाई | प्रसनि | नइन्द्र कार्की | S14 | ९८४२३४१८४६ | ९८४४३८३९६२ | |
| १३ | इप्रका लिमचुङबुङ | प्रसनि | दिनेश प्रसाद साह | S15 | ९८६२८७११७८ | ९८४४३८२७५८ | |
| १४ | इप्रका जलजले | प्रनानि | धन कुमार राई | S12 | ९८४२८९५८०४ | ९८५२८३५९३३ | |
| १५ | नप्रका गाईघाट | प्रसनि | मोतिराम महतो | W12 | ९८५२८९०००३ | ९८४४३८३७६६ | |
| १६ | प्रचौ जोगिदह | प्रसनि | तिर्थ भण्डारी | C12 | ९८०४३७९६७४ | ९८५२८३५५१७ | |
| १७ | प्रचौ लालपत्ता | प्रनानि | सुमित साह | C13 | ९८४२५०६०८८ | ९८५२८३५७७० | |
| १८ | प्रचौ उदयपुरगढी | प्रसनि | सिताराम भुजेल | C21 | ९८५२८०५३१२ | ९८५२८३५८७० | |

| सि.नं. | कार्यालय | दर्जा | नाम थर | कल साईन | ब्यक्तिगत सम्पर्क न. | का.को CUG नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १९ | प्रचौ सुकौरा | प्रह | मनोज चौधरी | C27 | ९८४४०१०५९२ | ९८४४३८३९१६ | |
| २० | प्रचौ साउने | प्रसनि | थिरा भुजेल | C26 | ९८०४३२०३८३ | ९८५२८३५५९६ | |
| २१ | अप्रपोष्ट बसपार्क | प्रबह | निलकष्ठ श्रेष्ठ | P2 | ९८६७९८२३३४ | ९८५२८३४७९९ | |
| २२ | अप्रपोष्ट बगाहा | प्रह | गणेश वि.क | P3 | ९८४२१४२२३७ | ९८५२८३५९९७ | |
| २३ | अप्रपोष्ट चुहाडे | प्रसनि | रन्त राम थन्दार थारू | P4 | ९८५२०९०६६९ | ९८५२८३५२८७ | |
| २४ | अप्रपोष्ट तरकारीबजार | प्रबह | भेषराज आचार्य | P5 | ९८४२१८९२१२ | ९८४४३८३९४४ | |
| २५ | अप्रपोष्ट संगमचोक | प्रसनि | राम कुमार श्रेष्ठ | P6 | ९८४२८७६३१८ | ९७६७३९४४२२ | |
| २६ | अप्रपोष्ट नेपालटार | प्रसनि | राम कुमार यादव | p7 | ९८६७९४९५०५ | ९८४३३३०६४४ | |
| २७ | अप्रपोष्ट रौता पोखरी | प्रबह | रेवत फुयाल | P9 | ९८४२१४३७३० | ९८५२८३७२६० | |
| २८ | प्रहरी बिट हाडेबास | प्रसनि | श्याम गुरुङ | CP11 | ९८१९३७७३९९ | ९७४९२३१३३७ | |
| २९ | जि.अस्पताल प्रहरी बिट | प्रह | हिरा खड्का | KH | ९८०५९५९२७१ | ९८५२८३७१९९ | |
| ३० | कासुगार्ड उदयपुर | प्रबनानि | चन्द्र नारायण सिंह दनुवार | KJ | ९८४५१९९०९४ | ९८५२८३५७०८ | |
| ३१ | प्रजिअनि गार्ड | प्रह | जिवन राई | KZ | ९८१७७९५९९७ | | |
| ३२ | जिल्ला अदालत | प्रबह | चोलिन्द्र थापा | KA | ९८४२८३७७२३ | | |
| ३३ | इप्रका कटारी | प्रनाउ | कमल बजगाई | KD12 | ९८५१२८२४०० | ९८५२८३६३१५ | |
| ३३ | प्रचौ बेलस्रोत | प्रनानि | बिनोद कुमार यादब | C14 | ९८५२८९०२८९ | ९८५२८३६२७७ | |
| ३४ | प्रचौ रिस्कु | प्रसनि | चंदन मेहता | C15 | ९८२४३८७८३९ | ९८५२८३६०५२ | |
| ३५ | प्रचौ बसेरी | प्रसनि | विश्वनाथ यादव | C16 | ९८६२६६८३२५ | ९८५२८३६२८५ | |
| ३६ | प्रचौ सोरुङछबिसे | प्रसनि | सुबास सिंह गोले | C17 | ९७४८४७०३२८ | ९८५२८३६५२५ | |

| सि.नं. | कार्यालय | दर्जा | नाम थर | कल साईन | ब्यक्तिगत सम्पर्क न. | का.को CUG नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३७ | प्रचौ घुर्मी | प्रसनि | श्रीराम खतिवडा | C18 | ९८४४०३४३६२ | ९८५२८३६२३३ | |
| ३८ | प्रचौ रुपाटार | प्रसनि | भोज बहादुर खत्री | C19 | ९८१७७११५६५ | ९८५२८३६२८३ | |
| ३९ | प्रचौ रामपुरझुल्के | प्रसनि | होसियार राई | C20 | ९८१९३५४२५४ | ९८५२८३६२८४ | |
| ४० | अप्रपोष्ट बेतेनि | प्रसनि | तिर्थ बहादुर माझी | P8 | ९८१७९१३९२७ | ९८५२८३६२८६ | |
| ४१ | इप्रका रामपुरठोक्सिला | प्रनि | मौसम उदास | I12 | ९८५१२८१९७२ | ९८५२८३५१९९ | |
| ४२ | प्रचौ भागलपुर | प्रनानि | बिनोद साह | C24 | ९८०५९२२०८६ | ९८५२८४४०५० | |
| ४३ | प्रचौ लालबजार | प्रसनि | कालुराम उराव | C25 | ९८४२२२८०३८ | ९८५२८२९०४३ | |
| ४४ | अप्रपोष्ट मैनामैनी | प्रसनि | महेन्द्र प्रसाद मेहता | CP10 | ९८४२९९७७५८ | ९७६७३९४५२२ | |
| ४५ | अप्रपोष्ट कोठु | प्रसनि | टिका निरौला | CP1 | ९८४२०४२६२० | ९८५२८२९०४२ | |
| ४६ | अप्रबिष्ट आमबासी | प्रह | उमेश मेहता | | ९८६३९५९९७० | | |
| ४७ | इप्रका बेल्टार | प्रनि | बबिन राई | KI13 | ९८४३५८६०५५ | ९८५२८४४०८८ | |
| ४८ | इप्रका सुन्दरपुर | प्रनानि | जगदिश मेहता | S13 | ९८१७९३९७५४ | ९८५२८४४०८० | |
| ४९ | प्रचौ हडिया | प्रसनि | बाबुराम थापा | C22 | ९८४२८३३४२७ | ९८५२८३५७३९ | |
| ५० | प्रचौ बसाहा | प्रसनि | शेर बहादुर थापा | C23 | ९८४२४३३३४४ | ९८५२८४४०९० | |
| ५१ | प्रहरी बिट माडिबास | प्रह | बाबुराम चौलागाई | | ९८५२६९०९२४ | ९८५२८४४१२४ | |

# सशस्त्र प्रहरी बल नेपालका युनिटहरूको विवरण

सशस्त्र प्रहरी बल नेपालका युनिटहरूको विवरण

| सि.नं. | कार्यालय | दर्जा | नाम थर | कल साईन | ब्यक्तिगत सम्पर्क न. | का.को CUGन. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सशस्त्र प्रहरी बल नेपाल नं. ५ गण हे.क्वा. त्रियुगा उदयपुर | सप्रउ | सुशिल कुमार शाही | CF1 | 9849784750 | 9851272210 | |
| २ | सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश कटारी उदयपुर | सप्रनि | मेघराज राउत | C501 | 9843223501 | 9852846000 | |
| ३ | सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश बेल्टार उदयपुर | सप्रनि | देबराज मल्ल | C491 | 9851259852 | 9851271265 | |
| ४ | सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश रामपुर उदयपुर | सप्रनि | नरेश चौधरी | C511 | 9742388449 | 9851272258 | |

स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु

| सि.नं. | कार्यालयको नाम | दर्जा | नाम, थर | टेलिफोन | मोवाइल नं. सरकारी | मोवाइल नं. निजी |
|---|---|---|---|---|---|---|
| १ | वेलका नगरपालिका | नि.प्रमुख प्रशासकीय अधिकृत | श्री रवि किरण आचार्य | | 9852829019 | |
| २ | चौदण्डीगढी नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | श्री काजिमान राई | | 9852844047 | |
| ३ | त्रियुगा नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | श्री कुमार प्रसाद कोइराला | 422368, 422108 | 9852838111 | |
| ४ | कटारी नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | श्री राजमणि निरौला | | 9852839111 | |
| ५ | उदयपुरगढी गाउँपालिका | प्रमुख प्रशासकीय अधिकृत | श्री भक्त बहादुर राई | | 9852835278 | |
| ६ | रौतामाई गाउँपालिका | प्रमुख प्रशासकीय अधिकृत | श्री लिलाराज श्रेष्ठ | | 9852829291 | |
| ७ | लिम्चुङबुङ गाउँपालिका | नि.प्रमुख प्रशासकीय अधिकृत | श्री युवराज ओली | | 9852836100 | 9841939206 |
| ८ | ताप्ली गाउँपालिका | प्रमुख प्रशासकीय अधिकृत | श्री मनोज कुमार मगर | 035-691336 | 9852829078 | |

जिल्ला समन्वय समितिका पदाधिकारीहरुको सम्पर्क नम्बरहरु

| सि नं | नामथर | पद | ठेगाना | मोवाइल नम्बर |
|---|---|---|---|---|
| १ | गौर बहादुर विश्वकर्मा | प्रमुख | उदयपुरगढी ७ | 9852835713<br>9848276769 |
| २ | तेज प्रसाद गिरी | उप-प्रमुख | ताप्ली ५ | 9842994538 |
| ३ | भिम चन्द्र राई | सदस्य | लिम्चुङबुङ २ | 9819900662 |
| ४ | बिष्णु कटुवाल | सदस्य | कटारी २ | 9852836241 |
| ५ | मंजु कुमारी परियार | सदस्य | चौदण्डी ६ | 9826706605 |
| ६ | इन्द्र बहादुर थापा | सदस्य | कटारी ८ | 9852836014 |
| ७ | गोमा कार्की | सदस्य | त्रियुगा १६ | 9864465622 |
| ८ | बिन्दा कुमारी विश्वकर्मा | सदस्य | उदयपुरगढी ८ | 9842538599 |
| ९ | पद कुमार राई | सदस्य | बेलका ८ | 9821700077 |

स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षहरु

| सि.नं. | कार्यालयको नाम | दर्जा | नाम थर | टेलिफोन | मोवाइल नं. सरकारी | मोवाइल नं. निजी |
|---|---|---|---|---|---|---|
| १ | वेलका नगरपालिका | प्रमुख | श्री अशोक कार्की | | 9852829011 | |
| | | उपप्रमुख- | श्री जिरा राई | | 9852829010 | |
| २ | चौदण्डीगढी नगरपालिका | प्रमुख | श्री कालुमान लामा | | 9852835166 | |
| | | उपप्रमुख- | श्री मणिका देवी दुलाल | | 9852835528 | |
| ३ | त्रियुगा नगरपालिका | प्रमुख | श्री बसन्त कुमार बस्नेत | | 9852830437 | |
| | | उपप्रमुख- | श्री महेश्वरी राई | | 9842838178 | |
| ४ | कटारी नगरपालिका | प्रमुख | श्री राजेशचन्द्र श्रेष्ठ | | 9852845900 | |
| | | उपप्रमुख- | श्री गिता खड्का | | 9852845915 | |
| ५ | उदयपुरगढी गाउँपालिका | अध्यक्ष | श्री मान बहादुर केप्छाकी मगर | | 9844867979 | |
| | | उपाध्यक्ष | श्री जित बहादुर खडका | | 9842845435 | |
| ६ | रौतामाई गाउँपालिका | अध्यक्ष | श्री विरेन्द्र कुमार मगर | | 9863827488 | |
| | | उपाध्यक्ष | श्री भुपिन्द्र बहादुर थापा | | 9841311331 | |
| ७ | लिम्चुङबुङ गाउँपालिका | अध्यक्ष | श्री मेजर कुमार राई | | 9861322425 | |
| | | उपाध्यक्ष | श्री पुष्पलाल राई | | 9843804740 | |
| ८ | ताप्ली गाउँपालिका | अध्यक्ष | श्री ढुङ्गराज वि.क. | | 9862626305 | |
| | | उपाध्यक्ष | श्री धनमाया मगर | | 9851195832 | |